**19 July, 2025**

**यो आकाशवाणी हो**

**सबैभन्दा पहिला यस बुलेटिनका मुख्य समाचार**

Under Play

- **भारत र युरोपेली स्वतन्त्र व्यापार संघ बीचको स्वतन्त्र व्यापार सम्झौता १ अक्टोबरदेखि लागू हुने**
- **भारतले स्वदेशी सेमीकन्डक्टर चिप र बुलेट ट्रेन तयार गरिरहेको श्री वैष्णवले बताउनुभयो**
- **केन्द्र सरकारले साना र पूर्वी राज्यहरूको विकासमा विशेष ध्यान दिएको श्री शाहले बताउनुभयो**
- **डा. माण्डवियाले नागरिकहरूलाई राष्ट्र निर्माणलाई प्राथमिकता दिन र नशामुक्त भारतको अभियानमा सामेल हुन गर्नुभयो अपील**
- **ओडिशामा 15 वर्षीय बालिकामाथि दुष्टहरूले लगाए आगो, अनि**
- **महिला चेस विश्वकपको क्वार्टरफाइनलमा भारतका चार खेलाडी**

**अब समाचार विस्तारमा**

**गोयल व्यापार सम्झौता**

केन्द्रीय वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयलले आज भारत र चार राष्ट्रको युरोपेली समूह 'युरोपेली स्वतन्त्र व्यापार संघ' बीचको स्वतन्त्र व्यापार सम्झौता १ अक्टोबरदेखि लागू हुने बताउनुभएको छ। विकसित भारततर्फ वैश्विक प्रभाव सिर्जना गर्ने विषयमा एसोचेमद्वारा आयोजित सत्रलाई सम्बोधन गर्दै केन्द्रीय मन्त्रीले भन्नुभयो, दुवै पक्षले गत वर्ष 10 मार्चमा व्यापार तथा आर्थिक साझेदारी सम्झौतामा हस्ताक्षर गरेका थिए।

**वैष्णव-एमआईबी-आईआईटी**

केन्द्रिय इलेक्ट्रोनिक्स तथा सूचना प्रविधि मन्त्री अश्विनी वैष्णवले विकसित भारतको लक्ष्य प्राप्त गर्न प्राविधिक आधार द्रुत गतिमा तयार भइरहेको बताउनु भएको छ।

आज आईआईटी-हैदराबादमा आयोजित दीक्षान्त समारोहमा भारतको प्रविधिमा आधारित भविष्यको सन्दर्भमा श्री वैष्णवले विद्यार्थीहरूलाई विश्वस्तरीय प्रविधि र उत्पादनहरू विकास गर्न पनि आह्वान गर्नुभयो। श्री वैष्णवले घोषणा गर्दै भन्नुभयो, यस वर्ष पहिलो स्वदेशी सेमीकन्डक्टर चिप तयार हुनेछ। उहाँले 6 वटा सेमीकन्डक्टर प्लान्टहरूको निर्माण भइरहेको बताउनुभयो। यसपछि, भारत सेमीकन्डक्टर उत्पादन गर्ने देशहरूमा अग्रणी हुनेछ।

रेलवेमा भइरहेका सुधारहरूका बारेमा, श्री वैष्णवले भन्नुभयो, देशमा पहिलो बुलेट ट्रेन २०२७ मा चल्नेछ।

उहाँले भन्नुभयो, वन्दे भारत ट्रेनको तेस्रो संस्करण चेन्नईमा निर्माण भइरहेको छ। भारतको एआई मिसनको बारेमा श्री वैष्णवले भन्नुभयो, नि:शुल्क डेटासेट र अन्य सामग्रीहरू अपलोड गरिँदैछ र एआईको प्रयोगको बारेमा तालिम दिइँदैछ। उहाँले आशा व्यक्त गर्दै भन्नुभयो, भारत २०४७ सम्ममा विश्वको शीर्ष दुई अर्थतन्त्रहरू मध्ये एक हुनेछ।

**शाह उत्तराखण्ड**

केन्द्रीय गृहमन्त्री अमित शाहले आज उत्तराखण्डको रुद्रपुरमा १ हजार २७१ करोड रुपियाँ बराबरको राज्य सरकारका विभिन्न विकास योजनाहरूको उद्घाटन र शिलान्यास गर्नुभयो। श्री शाहले रुद्रपुरमा आयोजित उत्तराखण्ड निवेश महोत्सव २०२५ मा देशभरिका लगानीकर्ता र उद्यमीहरूसँग अन्तरक्रिया पनि गर्नुभयो। यस अवसरमा जनतालाई सम्बोधन गर्दै गृहमन्त्रीले भन्नुभयो, उत्तराखण्ड जस्ता साना राज्यहरूले प्रगति नगरेसम्म देशको विकास हुन सक्दैन। त्यसैले केन्द्र सरकारले साना राज्यहरू र पूर्वी राज्यहरूको विकासमा विशेष ध्यान दिइरहेको छ। उहाँले भारत चाँडै विश्वको तेस्रो ठूलो अर्थतन्त्र बन्ने बताउनुभयो।

**युवा आध्यात्मिक सम्मेलन**

केन्द्रीय युवा मामिला तथा खेलकुद मन्त्री डा. मनसुख माण्डवियाले २०४७ सम्ममा भारतलाई विकसित राष्ट्र बनाउने लक्ष्य प्राप्त गर्न नशामुक्त युवाको महत्त्वमाथि जोड दिनुभएको छ। आज वाराणसीमा युवा आध्यात्मिक सम्मेलनको उद्घाटन सत्रलाई सम्बोधन गर्दै डा. माण्डवियाले नागरिकहरूलाई राष्ट्र निर्माणलाई प्राथमिकता दिन र नशामुक्त भारतको अभियानमा सामेल हुन अपील गर्नुभयो।

उहाँले जनतालाई यस अभियानमा कम्तिमा पाँच युवाहरूलाई आफूसँग सामेल गराउने प्रतिज्ञा लिन आह्वान गर्नुभयो।

**समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ**

**ओडिशा - दुर्घटना**

ओडिशामा आज बिहान पुरी जिल्लाको बलाङ्गामा केही दुष्टहरूले १५ वर्षीय बालिकालाई आगो लगाएको निर्मम मामिला प्रकाशमा आएको छ। 60 प्रतिशत जलेकी ती नाबालिग बालिकालाई स्थानीयले उद्धार गरेर गम्भीर अवस्थामा भुवनेश्वरको एम्स अस्पतालमा भर्ना गराएका थिए। बालिका आफ्नो साथीको घरमा किताब दिन जाँदै गर्दा उक्त घटना भएको थियो। दुष्टहरूले बालिकालाई जबरजस्ती सुनसान ठाउँमा लगेर ज्वलनशील तरल पदार्थ खन्याएर आगो लगाएका थिए। त्यसपछि दुष्टहरू त्यहाँबाट भागेका थिए। पीडित बालिकाको उपचारको सम्पूर्ण खर्च ओडिशा सरकारले बेहोर्ने घोषणा गरेको छ। ओडिशा सरकारले तुरुन्तै दुष्टहरूलाई पक्राउ गर्न निर्देशन दिएको छ। अपराधीहरूलाई पक्रने प्रयास जारी छ।

ED-**गुगल-मेटा**

प्रवर्तन निर्देशनालयले अनलाइन बेटिङ एप मुद्दामा तक्निकी कम्पनीहरू गुगल र मेटालाई नोटिस जारी गरेको छ। स्रोतका अनुसार निर्देशनालयले सोमबार दिल्ली मुख्यालयमा उपस्थित हुन दुवै कम्पनीका प्रतिनिधिहरूलाई बोलाएको छ। एजेन्सीले अनलाइन बेटिङ एपहरूको प्रवर्द्धनमा डिजिटल प्लेटफर्महरूको भूमिकाको अनुसन्धान गरिरहेको छ।

**कैलाश मानसरोवर यात्रा**

सिक्किमको नाथुला मार्गबाट कैलाश मानसरोवर यात्रा सुचारु रूपमा भइरहेको छ। छैटौं समूहले आज नाथुलाबाट तिब्बत स्वायत्त क्षेत्रको यात्रा सुरु गरेको छ। वरिष्ठ अधिकारीहरूले तीर्थयात्रीलाई बिदा गरेका छन्। अहिलेसम्म चार समूहको यात्रा सफलतापूर्वक सम्पन्न भइसकेको छ। पाँचौं समूह यात्रा पूरा गरेर गान्तोकतर्फ प्रस्थान भएको छ। थप चार समूह नाथुला मार्ग हुँदै मानसरोवर यात्राको लागि जानेछन्। डाक्टर, भान्से र सम्पर्क अधिकारीहरू पनि सबै समूहसँगै छन्। यात्रा सुरु गर्नु अघि, तीर्थयात्रीहरूले सिक्किमका विभिन्न स्थानहरूमा चार-पाँच दिनको अनिवार्य प्रक्रियाबाट गुज्रनु पर्छ। सेना, **ITBP**, सीमा सडक संगठन, **BSNL**, सिक्किम सरकार र अन्य एजेन्सीहरूले देशका विभिन्न भागहरूबाट आउने तीर्थयात्रीहरूलाई सबै प्रकारका सुविधाहरू प्रदान गर्न निरन्तर काम गरिरहेका छन्।

**चीन**-TRF

चीनले पहलगाम आतंकवादी आक्रमणको निन्दा गरेको छ र क्षेत्रीय सुरक्षाको लागि आतंकवाद विरोधी सहयोग बढाउन यस क्षेत्रका देशहरूलाई आह्वान गरेको छ। आतंकवादी आक्रमणमा संलग्न भएकोमा पाकिस्तानस्थित लश्कर-ए-तैयबाको सहयोगी **द रेजिस्टेन्स फ्रन्ट**लाई अमेरिकाले विदेशी आतंकवादी संगठनको रूपमा तोकेको बारेमा, चीनको विदेश मन्त्रालयले भन्यो, चीन सबै प्रकारका आतंकवादको विरोध गर्दछ।

**हकी - प्रशिक्षण शिविर**

हकी इन्डियाले आज सिनियर महिला राष्ट्रिय प्रशिक्षण शिविरका लागि ४० सदस्यीय सम्भावित खेलाडीहरूको नाम घोषणा गरेको छ। शिविर २१ जुलाई देखि २९ अगस्तसम्म बेंगलुरुमा हुनेछ। यो शिविर त्यो महिला हकी टीमको लागि हो जसले 5 सितम्बरदेखि चीनको हाङजाउमा आयोजना हुने महिला एसिया कपमा भारतको प्रतिनिधित्व गर्नेछ। महिला एसिया कपको विजेता टीम अर्को वर्ष हुने **FIH** महिला विश्वकपका लागि छनोट हुनेछ।

**चेस**

ग्रान्डमास्टर कोनेरु हम्पी, डी हरिका, आर वैशाली र अन्तर्राष्ट्रिय मास्टर दिव्या देशमुख फिडे महिला चेस विश्वकपको क्वार्टरफाइनलमा पुगेका छन्। हिजो जर्जियाको बटुमीमा भएको प्रि-क्वार्टरफाइनलमा टाइ-ब्रेक खेल जितेर यी चारै जनाले यो उपलब्धि हासिल गरेका हुन्।

प्रतियोगिताको क्वार्टरफाइनल चरणमा चार खेलाडी भएको पहिलो देश बनेर भारतले इतिहास रचेको छ। अब उपाधि र शीर्ष तीन स्थानका लागि भारत र चीनबीच खेल हुनेछ।

मुख्य समाचार फेरि एकपल्ट

- भारत र युरोपेली स्वतन्त्र व्यापार संघ बीचको स्वतन्त्र व्यापार सम्झौता १ अक्टोबरदेखि लागू हुने
- भारतले स्वदेशी सेमीकन्डक्टर चिप र बुलेट ट्रेन तयार गरिरहेको श्री वैष्णवले बताउनुभयो
- केन्द्र सरकारले साना र पूर्वी राज्यहरूको विकासमा विशेष ध्यान दिएको श्री शाहले बताउनुभयो
- डा. माण्डवियाले नागरिकहरूलाई राष्ट्र निर्माणलाई प्राथमिकता दिन र नशामुक्त भारतको अभियानमा सामेल हुन गर्नुभयो अपील
- ओडिशामा 15 वर्षीय बालिकामाथि दुष्टहरूले लगाए आगो, अनि
- महिला चेस विश्वकपको क्वार्टरफाइनलमा भारतका चार खेलाडी

आकाशवाणीबाट सुन्दै हुनुहुन्थ्यो समाचार पूरा भयो।